# जन आदर्श बहुमुखी क्याम्पस

राप्ती नगरपालिका चितवन

## आ.व. २०८१/०८२ को योजना तथा अनुमानित आय व्यय विवरण

प्रस्तुतकर्ता

क्याम्पस प्रशासन

२०८१ श्रावण

# जन आदर्श बहुमुखी क्याम्पस

रात्नी नगरपालिका, चितवन

## योजना तथा कार्यक्रम २०८१/०८२

अध्यक्ष महोदय, उपाध्यक्ष तथा सञ्चालक समितिका सदस्यज्यूहरु,

जनआर्दश बहुमुखी क्याम्पसको यस गरिमामय सञ्चालक समिति वैठकमा क्याम्पसको वर्तमान अवस्थाको संक्षिप्त विवरण तथा आगामी आ. व. २०८१/०८२ मा अवलम्वन गर्न पर्ने महत्वपूर्ण निती कार्यकम र योजनाहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु र प्रस्तुत योजना तथा कार्यक्रमहरुमा परिमार्जन महसुस हुदाँ आवश्यक परिमार्जन सहित क्याम्पसको आगामि वर्षको योजना, कार्यक्रम तथा वजेट पास पारित गरी कार्यान्वयनमा लैजानुहुनेछ भन्ने अपेक्षा समेत गर्दछु ।

### १. ऐतिहासिक पृष्ठभूमि

जन आदर्श बहुमुखी क्याम्पस २०५० सालमा सप्तगण्डकी क्याम्पसको विस्तारित कार्यक्रमको रुपमा शैक्षणिक गतिविधि सञ्चालित गर्ने गरी स्थापित एउटा सामुदायिक क्याम्पस हो । यो क्याम्पस नेपाली समाजलाई आवश्यक दक्ष जनशक्ति तयार गर्नका निम्ति गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न, विभिन्न अनुसन्धानात्मक कार्यहरु सम्पन्न गर्न, स्थानीय परम्परा, संस्कृति एवम् प्रविधिहरुको संरक्षण र विकाय गर्न तथा शिक्षालाई प्राविधिक सिपमूलक जीवन उपयोगी बनाउन यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी तथा तत्कालीन जन प्रतिनिधिहरुको पहल कदमीमा स्थापित सामुदायिक शैक्षिक संस्था हो ।

सर्वप्रथम क्याम्पस स्थापनाका लागि २ विघा जग्गा स्थायी भोगाधिकारको रुपमा प्रदान गर्ने श्री वीरन्द्र आदर्श माध्यमिक विद्यालयको अमूल्य योगदानप्रति यस जन आदर्श बहुमुखी क्याम्पस सदैव ऋणी छ, । क्याम्पस स्थापना गर्ने जस्तो चुनौतीपूर्ण कार्य गर्दै गर्दा भोग्नु परेका समस्या समाधान गर्न तन मन र धनले सहयोग गर्ने तथा सुझाव र सल्लाहरु प्रदान गनुहने सम्पुर्ण व्यक्ति तथा सस्थाहरुप्रति यो क्याम्पस आभार व्यक्त गर्दछ । .क्याम्पस स्थापनाजस्तो चुनौतीपूर्ण कामलाई सम्पन्न गर्ने संस्थापक अध्यक्ष श्री गोविन्दप्रसाद कंडेल लगायत क्याम्प्स सञ्चालक समितिका सदस्यहरु, शुभचिन्तकहरु, शैक्षिक नेतृत्व तथा तत्कालिन प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अविभावकहरु प्रति विशेष आभार प्रकट गर्दछ ।

यस क्याम्पसले वि. सं. २०५३ सालमा त्रिभुवन विश्वविद्यालयवाट शिक्षा शास्त्र संकाय अन्तरगत स्नातक तहको को सम्बन्धन प्राप्तगरी पहिलो पटक आफ्नै शैक्षिक कार्यक्रम सञ्चालन गरेको थियो त्यसै गरी वि. सं. २०५९ सालमा व्यवस्थापन संकाय अन्तरगत स्नातक तहको सम्वन्धत प्राप्त गरेको थियो । स्नातक तहको शिक्षा शास्त्र संकायमा विषय थप गर्ने र तीन वर्षे वि.एड. कार्यक्रमलाई त्रि. वि. को योजना अनुरुप नै चारवर्षे कार्यक्रममा रुपान्तरण गर्ने कार्यलाई पनि क्याम्पसको महत्वपूर्ण शैक्षिक उपलब्धीको रुपमा लिनु पर्दछ । यस क्याम्पसले विं. सं. २०७१ सालमा व्यवस्थापन संकायमा स्नातकोत्तर तहको कार्यक्रम सम्वन्धन स्विकृति प्राप्तगरी शैक्षिक कार्यक्रम विस्तार गरेको पाईन्छ। संस्था सञ्चालनको यस दौरानमा क्याम्पसले स्मरण गर्न लायक विभिन्न शैक्षिक उपलब्धीहरु प्राप्त गरेको देखिन्छ । यसै अवधिमा शिक्षाशास्त्र संकाय तर्फका मेधावी छात्र श्री बालकृष्ण शर्माले २०५८ सालको स्नातक तहमा त्रि.वि. प्रथम स्थान हासिल गरेका थिए । त्यसै गरी पछिल्ला वर्षमा पनि दुवै संकाय अन्तरगतका विभिन्न विद्यार्थीहरुले पनि उत्कृष्ट नतिजा ल्याई यस क्याम्पसको गरिमालाई उचो बनाउन सफल देखिएका छन् । क्याम्पसको

यस गुणस्तर अभियानमा विश्व विद्यालय अनुदान आयोगवाट प्राप्त आर्थीक एवं प्राविधीक सहयोग सुझाव र निर्देशन प्रति क्याम्पस सदैव आभारी रहदै गुणस्तर प्रत्यायन प्रक्रिया पुरा गर्न र गुणस्तर विकास एवं निरन्तरताका लागि दृढताका साथ उभिन्छ ।

जन चाहना अनुरुप क्याम्पसको सफल सञ्चालन गर्न यसको भौतिक पुर्वाधार विकास र विस्तारका निम्ति क्याम्पसले विभिन्न समयमा धार्मिक कार्यक्रमहरु गर्ने, स्थानिय, तथा अन्तरराष्ट्रिय स्तरका व्यक्ति तथा संघ सस्थाहरुवाट चन्दा सहयोग तथा अनुदानहरु प्राप्त गर्ने गरेको छ । यस सिलसिलामा क्याम्पसले विरेन्द्र आदर्श माध्यमिक विद्यालयवाट सुपथ मुल्यमा १० कठ्ठा जग्गा खरिद गर्नु क्याम्पसको मुल भवन लगायत प्रशासनिक भवनको निर्माण गर्नु, फर्निचर तथा उपकरण खरिद, पुस्तक खरीद, क्याम्पस परिसरको व्यवस्थापन, घेरावार निर्माण, व्यवशायिक सटरहरुको निर्माण निर्माण आदी कार्यलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिनु पर्दछ । यस कार्यका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सवै संघ सस्था, धार्मिक अभियान्ताहरु तथा सहयोगदाता एवं शुभचिन्तकहरु क्याम्पसको प्रशंसाको पात्र हुनुहन्छ र उहाँहरुलाई क्याम्पसले कहिल्यै विर्सिने छैन।

## २. संस्थाको वर्तमान अवस्था

### क) भौतिक अवस्था

स्थापना कालमा वीरेन्द्र आदर्श माध्यमिक विद्यालयको कक्षा कोठाहरु प्रयोग गर्न वाध्य यस क्याम्पसले स्थापनाको २८ वर्षको अवधिमा आफ्नै स्वामित्वको जग्गामा तीन तले आर. सी. सी. भवन वनाउन सफल भएको छ । भौतिक निर्माणमा यो सफतला प्राप्त गर्न सहयोग गर्ने सम्पूर्ण सहयोगी हातहरुलाई पुन एक पटक धन्यवाद दिदै संस्थाको वर्तमान भौतिक अवस्था यहाँहरु माफ प्रस्तुत गर्न चाहन्छौं ।

| विवरण | क्षेत्रफल वा सङ्ख्या | कैफियत |
|---|---|---|
| जग्गा | २ बिघा १० कठ्ठा | १० कठ्ठा आफ्नै स्वामित्वमा र २ विघा, स्थाई भोगाधिकारमा रहेको |
| भवन | ६ वटा | ३ वटा कच्ची टहरा, १ वटा तीन तले पक्की भवन, १ वटा २ तले पक्कि भवन र १ वाटा निर्माणधिन पक्की भवन |
| कक्षा कोठा | २१ वटा | |
| प्रशाशनिक कोठा | ९ वटा | कम्प्यटर ल्याव, पुस्तकालय, होटल ल्याब, भण्डार समेत |
| ल्याब | २ वटा | कम्प्युटर ल्याव एवम् होटल ल्याव |
| कम्प्युटर संख्या | २३ | |
| पुस्तकालयमा पुस्तक संख्या | ५५७२ | ७४३ सन्दर्भ पुस्तक समेत . |
| मल्टिडिया प्रोजेक्टर | २ | प्राध्यापकद्वारा कक्षा कोठामा प्रयोग |
| सभा हल | १ | टेवल ३०, कुर्चि ६० सभा हलमा रहेको |
| ए.सि. | ६ | सभा हलमा जडान भएको |

| | | |
|---|---|---|
| हाजिरी मेसिन | १ | स.क्याम्पस प्रमुखको कक्षामा |
| डेस्क वेन्च | २७० | कक्षा कोठामा |
| चमेना गृह | १ | १कोठा चमेना गृह, ५ कोठा भाडामा |
| अन्य सामाग्री | | प्रिन्टर थान -८, फोटोकपी थान-२, फ्याक्स मेसिन- १. |

## ख) अर्थिक अवस्था

विद्यार्थी शुल्कनै प्रमुख आम्दानीको स्रोत भएको यस क्याम्पसलाई विद्यार्थी भर्ना सख्यामा आएको उतारचढवसँगै विभिन्न आरोह अवरोहहरु नआएका होइनन् संस्थाको उद्देश्य र मूल मर्मलाई आत्मसात् गर्दै अगाडि वढ्दा आएका आर्थिक समस्याहरुमा स्थानीय अभिभावक, बुद्धिजीवी, चन्दादाता, एवम् अन्य सरकारी र गैरसरकारी संघ संस्थाहरुको सहयोगलाई मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छौं । हाम्रो क्याम्पस सामुदायिक संस्था भएकाले मुनाफा आवश्यक नभए पनि संस्थाको जीवन्तताका लागि आवश्यक आर्थिक स्रोत परिचालन विद्यार्थी अभिभावकद्वारा नै गर्न पर्ने यर्थाथतालाई तपाईंहरु माझ स्मरण गराउन चाहन्छौं।

विगतका वर्षहरुमा अधिकांश सञ्चालन घाटामा सञ्चालित यस संस्थाको दायित्व अलिक धेरै भए पनि संस्थाको सामाजिक सम्बन्ध, भौतिक पूर्वाधार र भविष्यका सम्भावनाहरुलाई हेर्दा यसलाई सामान्य मान्न सकिन्छ । गत वर्षको आर्थिक विवरण निम्नअनुसार प्रस्तुत गएिको छ । :

**आम्दानी तथा खर्च विवरण**

**आ. व. २०८०/०८१**

| विवरण | टिप्पणी | चालु आ.व.रु. |
|---|---|---|
| शिक्षण शुल्क आम्दानी | १६ | १५,८४३,४८२.०० |
| सञ्चालन आम्दानी | १७ | ८०४,४४४.०० |
| सञ्चालन अनुदान आम्दानी | १८ | १,६३५,१९०.०० |
| विविध आम्दानी | १९ | ७७६,९०४.५७ |
| **जम्मा आम्दानी** | | १९,०६०,०२०.५७ |
| शैक्षिक खर्च | २० | २,१२४,२८०.०० |
| कार्यालय सञ्चालन खर्च | २१ | ८८६,९८३.०० |
| कर्मचारी खर्च | २२ | १९,५९९,५६७.६१ |
| विविध खर्च | २३ | १४७,५९९.०० |

| | | |
|---|---|---|
| वित्तीय खर्च | २४ | ६७,७८०.०० |
| मर्मत सुधार खर्च | २५ | १३०,२६१.०० |
| ह्रास खर्च | २६ | १,३३६,७३१.११ |
| **जम्मा खर्च** | | २४,२९३,२०१.७२ |
| **कर अघिको खुद बचत/(खर्च बढी)** | | (५,२३३,१८१.१५) |
| आयकर खर्च | | |
| यस वर्षको कर व्यवस्था | २७ | - |
| विगत वर्षसम्मको कर व्यवस्था | | - |
| यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | १३ | (२४४,०४८.११) |
| **खुद बचत/(खर्च बढी)** | | (४,९८९,१३३.०५) |

**ग) शैक्षिक अवस्था**

स्थापना कालमा सप्तगण्डकी बहुमुखी क्याम्पसको विस्तार कार्यक्रम अन्तरगत प्रवीणता प्रमाणपत्र तहका शिक्षाशास्त्र, व्यवस्थापन तथा मानविकी सङ्कायका कक्षाहरु सञ्चालन गरेको यस क्याम्पसले २०५३ सालदेखि त्रि. वि.बाट सम्बन्धन लिई शिक्षाशास्त्रको तीन वर्षे स्नातक तह, २०५९ साल देखि सोही विश्वविद्यालयवाट व्यवस्थापन सङ्कायको तीन वर्षे स्नातक तह तथा. २०७१ साल देखि व्यवस्थापन सङ्कायको स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्दै आएको छ। त्यसैगरी स्नातक तथा स्नातकोत्तर तहमा त्रि. वि. को कार्यक्रम अनुसारनै तीन वर्षे कार्यक्रमलाई चार वर्षे कार्यक्रममा रुपान्तरण गर्ने काम पनि समयमै गरिएको छ ।

विगतका केही वर्षदेखि यस क्षेत्रका विद्यार्थीहरुको विदेश मोह क्रमिक रुपमा बढ्दै गएको र छिमेकमा हाम्रो प्रकृतिका समानान्तर शैक्षिक संस्थाहरु प्रशस्त खुलेकाले विद्यार्थी भर्ना र स्नातक तथा स्नातकोत्तरहरुको सङ्ख्या क्रमिक रुपमा घटेको तितो यथार्थता स्विकार्दै आगामी वर्षहरुमा विद्यार्थी भर्ना संख्या एवम् नतिजा सुधार गर्ने प्रण गर्दै पछिल्ला तीन वर्षहरुमा भएको विद्यार्थी भर्ना तथा नतिजा विवरण यहाँहरु विच प्रस्तुत गर्न चाहन्छु ।

विद्यार्थी भर्ना विवरण :

| तह/कक्षा | २०७८/२०७९ | २०७९/२०८० | २०८०/२०८१ |
|---|---|---|---|
| कक्षा ११ | १४१ | ९२ | ४४ |
| कक्षा १२ | १४४ | १३२ | ९२ |
| वि.वि.एस प्रथम वर्ष | ५९ | ४४ | ६० |
| वि.एड प्रथम वर्ष | ३६ | १७ | १९ |
| वि.वि.एस दोस्रो वर्ष | ६५ | ५१ | ४१ |
| वि.एड दोस्रो वर्ष | ४३ | ३४ | १६ |

| | | | |
|---|---|---|---|
| वि.वि.एस तेस्रो वर्ष | ३४ | ५१ | १८ |
| वि.एड तेस्रो वर्ष | २५ | ३८ | २८ |
| वि.वि.एस चौथो वर्ष | १७ | २३ | २६ |
| वि.एड चौथो वर्ष | ८ | १८ | १८ |
| एम.वि.एस. प्रथम से. | २ | ७ | २ |
| एम.वि.एस. दोस्रो से. | २ | ७ | ८ |
| एम.वि.एस. तेस्रो से. | ११ | २ | ८ |
| एम.वि.एस. चौथो से. | ११ | २ | २ |
| जम्मा विद्यार्थी | ५९८ | ५१८ | २ |

## नतिजा विवरण :

| तह/कक्षा | २०७७/२०७८ | | २०७८/२०७९ | | २०७९/२०८० | |
|---|---|---|---|---|---|---|
| | सहभागी | उत्तीर्ण | सहभागी | उत्तीर्ण | सहभागी | उत्तीर्ण |
| कक्षा ११ | १७० | १२४ | १०९ | ९२ | ९२ | ९० |
| कक्षा १२ | २१४ | १२० | १२५ | ५६ | १३२ | ४६ |
| वि.वि.एस प्रथम वर्ष | ७२ | ३ | ५९ | ४ | ६० | ११ |
| वि.एड प्रथम वर्ष | ५५ | ० | २८ | ० | १९ | NA |
| वि.वि.एस दोस्रो वर्ष | ४० | ८ | २४ | ५ | ४१ | १२ |
| वि.एड दोस्रो वर्ष | १८ | ३ | ३३ | ५ | १६ | ५ |
| वि.वि.एस तेस्रो वर्ष | २२ | ९ | २९ | ८ | १८ | NA |
| वि.एड तेस्रो वर्ष | १४ | ८ | १९ | १ | २८ | NA |
| वि.वि.एस चौथो वर्ष | ३८ | १७ | २० | १४ | २६ | २२ |
| वि.एड चौथो वर्ष | ९ | ३ | १४ | ५ | १८ | ८ |
| एम.वि.एस. प्रथम से. | ११ | ७ | १० | ८ | ७ | ४ |
| एम.वि.एस. दोस्रो से. | ११ | ४ | १० | ४ | ७ | ५ |
| एम.वि.एस. तेस्रो से. | १० | ६ | ११ | ५ | २ | ० |
| एम.वि.एस. चौथो से. | ० | १ | २ | १ | – | – |
| जम्मा | ६८४ | ३१३ | ४९३ | २०८ | NA | NA |

## घ) प्रशासनिक अवस्था

पारदर्शिता, र चुस्ततालाई प्रशासनको मूल मन्त्र मान्दै यस संस्थाले स्थापना कालदेखि नै कार्य गर्दै आइरहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छौं । असल आचरण, अनुशासन, कुसल कार्य सम्पादन, लगनशीलता कामप्रतिको समर्पण आदिलाई पुरस्कृत गर्ने यस सस्थाको संञ्चालनको सिद्धान्त रहेको छ । आजको प्रतिस्प्रर्धात्मक युगमा संस्थालाई समयानुकुल वनाई गुणस्तरीयता शिक्षा प्रदान गर्न र क्याम्पस व्यवस्थापनलाई अझ बढी समावेशी वनाउन यस क्याम्पसको विधान २०५३ लाई केही संशोधन र परिमार्जन गर्न वाञ्छनीय देखिएकाले नेपाल पब्लिक क्याम्पस संघवाट पारित विधान अनुरुप हुने गरी हामीले पनि संशोधित विधान २०७० तयार गरी लागु गरिएको छ । संशोधित विधान अनुसार यस क्याम्पसले निम्न अनुसारको प्रशासनिक संरचनाहरुले कार्य गर्दै आइरहेको छ।

१. क्याम्पस सभा
२. क्याम्पस सञ्चालक समिति तथा यसका उप-समितिहरु

३. क्याम्पस प्रमुख
४ सहायक क्याम्पस प्रमुख .
५. कार्यक्रम प्रमुख
६. विभागहरु तथा विभागीय प्रमुखहरु
७. शोध तथा अनुसन्धान प्रमुख तथा समिति
८. आन्तरीक परीक्षा समिति
९ सूचना प्रविधि शाखा
१०. परीक्षा शाखा
११. लेखा शाखा
१२. पुस्तकालय शाखा
१३. प्रशासन तथा भण्डारण शाखा

उपर्युक्त साङ्गठनिक संरचनाहरुको सक्रिय सहभागितामा प्राध्यापक एवम् कर्मचारीहरुको संख्यामा विस्तारै कमी आए तापनि Computer एवम् Software को सहयोगमा प्रसासनिक कार्यहरुलाई अफ वढी प्रभावकारी बनाउने प्रयत्न गरिएको छ । Computer Lab को स्तरोन्नति र पुस्तकालय, लेखा, परीक्षा एवम् EMIS मा Software installation गर्ने कार्यलाई क्याम्पसको महत्वपूर्ण प्रशासनिक उपलब्धिका रुपमा लिन सकिन्छ ।

**३) अवसर र चुनौतीहरु**

क्याम्पसको वर्तमान अवस्थालाई मूल्याङ्कन गर्दा निम्न अनुसारका अवसर र चुनौतीहरु पहिचान गर्न सकिन्छ।

**क. अवसरहरु**

१. Uneriversity Grand Commission ले निश्चित सङ्ख्यामा सामुदायिक क्याम्पसहरुलाई पहिचान गरी QAA Citrificate प्रदान गर्ने कार्यक्रम ल्याएको र यस.कार्यका लागि हाम्रो क्याम्पस समेत छनौट भइ SSR स्वीकृत भई PRT को Preparatory Assement Visit सम्पन्न भइ सकेको यस अवस्थामा वाँकी प्रक्रियालाई पूरागरी QAA Citrificate लिन सके क्याम्पसलाई शैक्षिक ए वंम आर्थिक लाभ प्राप्त हुनेछ ।

२. यो क्याम्पस राप्ती नगरपालिकाको उच्च शिक्षा प्रदान गर्ने सामुदायिक संस्था भएकाले यसलाई पनि संस्थाले महत्वपूर्ण अवसरका रुपमा लिन् पर्दछ । नगरपालिका, प्रदेश सरकार र संघीय सरकारवाट यस सस्थालाई निरन्तररुपमा भौतिक एवम् पूर्वाधार विकासमा सहयोग प्राप्त हुन सक्छ ।

३. देशको वर्तमान राजनीतिक अवस्था गुणस्तरीय शिक्षाको पक्षमा भएको र राजनीतिक स्थिरताले गर्दा वन्द हड़ताल जस्ता क्रियाकलापहरु कम हुँदै गएको सन्दर्भमा शैक्षिक कार्यक्रमहरू विना अवरोध सञ्चालन गर्न सकिने अवस्थालाई समेत महत्वपूर्ण अवसरको रुपमा लिनु पर्दछ।

४. यस क्याम्पसको कार्य क्षेत्रमा रहेका Private campus हरुको शुल्क महङ्गो भएता पनि तुलनात्मक रुपमा हाम्रा शैक्षिक कार्यक्रमहरु सर्वसुलभ र गुण्स्तरिय भएकोले विद्यार्थीहरुको रोजाइमा पर्ने कुरा यस संस्थाको अवसरको रुपमा रहेको छ ।

५. यो क्याम्पस एक सामुदायिक संस्था भएकाले र यस संस्थासँग भएको सामुदयिक सम्वन्ध एउटा महत्वपूर्ण सम्पत्ति हो । सामाजिक रुपमा शैक्षिक चेतनामा आएको वृद्धिलाई यस संस्थाले अवसरका रुपमा लिन सक्नु पर्दछ ।

(७)

**ख. चुनौतीहरु**

१. विद्यार्थीहरुमा विदेश जाने प्रवृत्ति बढ्दो रुपमा भएकाले विद्यार्थी संख्यामा क्रमशः कमी आउँदै जाने चुनौती हाम्रो जस्ता क्याम्पसले सामना गर्नु परेको छ।

२. संस्था आर्थिक रुपमा कमजोर भएकाले शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक विभिन्न कार्यक्रमहरु अवलम्वन गर्न नसकेको चुनौती क्याम्पससग छ।

३. यस क्याम्पसको कार्य क्षेत्रमा Private collage हरु स्थापना भएका र तिनीहरुको उद्देश्य एवम् प्रकृति हाम्रो संस्थासँग पूर्ण रुपमा भिन्न भए पनि यी संस्थाहरुसँग प्रतिस्पर्धा गर्नु हाम्रो संस्थाका लागि चुनौतीपूर्ण छ। .

४..UGC द्वारा कार्यान्वयन गर्न खोजिएको QAA Process अन्तर्गत SSR स्वीकृत भइ PRT ले तयारी अनुगमन समेत सम्पन्न गरी सकेको यस अवस्थामा यसलाई तार्किक निश्कर्षमा पुऱ्याउन संस्थासँग आवश्यक साधन स्रोतको अभाव चुनौतीको रुपमा रहेको छ ।

**४. आ. व. २०८१/०८२ का योजनाहरु**

ऐतिहासिक पृष्ठभूमि, संस्थाको वर्तमान अवस्था एवम् यसका अवसर चुनौतीहरुलाई मध्यनजर गर्दा संस्थाले भविष्यमा थुप्रै शैक्षिक, सामाजिक, भौतिक, आर्थिक एवम् प्रशासनिक सुधारहरु गर्नुपर्ने देखिन्छ। यस संस्थाले भविष्यमा अवलम्वन गर्नुपर्ने कार्य योजनाहरु निम्न अनुसारं छोटकरीमा प्रस्तुत गर्न चाहन्छौं..

**क.शैक्षिक सुधार कार्यक्रम**

१. विद्यार्थीहरुको कक्षा कोठामा उपस्थितीको दरलाई वृद्धि गर्न विद्यार्थी उपस्थीतीको मापन गर्नै व्यवस्था मिलाउने र उपस्थितिलाई क्याम्पसले प्रदान गर्ने छात्रवृत्ति तथा अन्य सुविधाहरुसंग जोड्ने ।

२. विगतमा लिईदै आएको आन्तरिक परीक्षालाई अझवढी प्रभावकारी वनाउने र यस्ता परीक्षाहरुको नतिजा विद्यार्थीहरुका अविभावकहरुसम्म पुऱ्याउने ।

३. क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरुको शिक्षण सिप अविबृद्धि गर्न नियमित रुपमा क्षमता विकास कार्यक्रमहरु संञ्चालन गर्ने । आगामि शैक्षिक वर्षमा विश्वविद्यालय अनुदान आयोगको आर्थीक एवं प्राविधिक सहयोगमा एउटा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

४. शैक्षिक प्रशासनलाई अझ वढि प्रभावकारी वनाउन क्याम्पसमा गठित विभागहरु साधन स्रोतको अभावमा सक्रिय हुन नसकी अशातीत शैक्षिक उपलब्धि हासिल गर्न नसकिएको यथार्थतालाइ मनन गरी आगामी वर्ष यी सवै विभागहरुलाई साधन स्रोत सम्पन्न वनाउने ।

५. आम विद्यार्थी अभिभावकहरुवाट Semester Based Technical program माग भई आएकाले आगामी दिनमा त्रिभुवन विश्वविद्यलयवाट सम्बन्धन लिई BBA, BCA & BHM, B.Sc., B. E. जस्ता Semester based technical कार्यक्रमहरु सञ्चालन गर्ने।

**ख. प्रशासनिक सुधार कार्यक्रम**

१. प्रशासनिक कामहरुलाई प्रविधीसंग जोडी अझवढी द्रुत, प्रभावकारी र विश्वासनीय वनाउने ।

२. प्रशासनिक कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिमहरुमा पठाउने । आगामि वर्ष कम्तीमा एक कर्मचारीलाई क्षमता विकास तालिममा पठाईनेछ ।

३. प्राध्यापक तथा सवै कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गर्ने र यसलाई उनीहरुको वृतिविकास संग जोड्ने ।

**ग. आर्थिक सुधार र स्थायित्व**

१. हालसम्म क्याम्पसको प्रमुख आयस्रोत विद्यार्थी आम्दानी मात्र भएको र यस क्षेत्रका विद्यार्थीहरुको आर्थिक अवस्था त्यति मजवुत नभएको यथार्थतालाई आत्मसात् गरी क्याम्पसले विद्यार्थी आम्दानीका अतिरिक्त अन्य नियमित आम्दानीका स्रोतहरु पहिचान गरी तिनिहरुको सदुपयोग गर्ने ।

२. क्याम्पसका प्रवेशद्धार भन्दा उत्तर तर्फ व्यवसायिक भवन निर्माण गरी नियमित आम्दनीको श्रोत सुनिच्चित गर्ने ।

३. विद्यार्थी संख्यामा वृद्धि गरी विद्यार्थी आम्दानी वृद्धि गर्न विद्यार्थी भर्ना अभियानलाई अझ वढि प्रभावकारी र व्यापक वनाउने ।

४. स्थानिय सरकार, प्रदेश सरकार र अन्य दातृनिकायहरुसंग छात्रवृत्ति लगायतका सञ्चालन खर्चको लागि पहलकदमी गर्ने ।

५ं प्राध्यापकहरुलाई अनिवार्य १ पिरियड अतिरिक्त कक्षा लिन अनुरोध गरी प्राध्यापक तलव खर्च कटौति गर्ने र अन्य खर्चहरुलाई पनि गुणस्तरमा नकारात्मक प्रभाव नपर्ने गरी नियन्त्रण गर्ने ।

**घ. गुणस्तर सुनिस्वितता र प्रत्यायन**

१. QAA Certification Process अन्तरगत PRT को Pre-visit कार्य सम्पन्न भैसकेको वर्तमान अवस्थामा आगामि वर्ष Updated SSR र Response Report तयार गरी QAA process लाई तार्किक निस्कर्षमा पुऱ्याउने ।

२. आगामी आर्थिक वर्षको अन्त सम्ममा PRT को Final visit सम्पन्न गरी प्राप्त सुझावहरुलाई सम्वोधन गर्ने कार्य समेत सम्पन्न गरी QAA Certificate प्राप्त गरी सक्ने ।

**ङ. पूर्वाधार विकास र प्रभावकारी प्रयोग**

१. क्याम्पसमा हाल विद्यमान पुस्तकालय सुविधा पर्याप्त नभएकोले आवश्यक पुस्तकहरुको पहिचान गरी थप पुस्तकहरु खरिद गर्ने ।

२. पुस्तकालयको अध्ययन कक्षमा आवश्यक फर्निचर लगायतका अन्य सुविधाहरु जडान गरी छुट्टै अध्ययन कक्ष तयार गर्ने ।

३. विश्व विद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा शैक्षिक उपकरणहरु खरिद गर्ने ।

४ं क्याम्पसको मूलगेटको उत्तरतर्फ रहेको निर्माणाधिन भवनको निर्माणकार्य सम्पन्न गरी सटरहरु भाडामा दिने कार्य सम्पन्न गर्ने ।

५. क्याम्पसमा साईकल, मोटर साईकल र गाडीहरु पार्किङ गर्नकालागि व्यवस्थित साईकल स्ट्याण्डको निर्माण गर्ने ।

Janta Multiple Campus
Rapti Municipality, Chitwan, Nepal
2053 (1996)

९/७

६. क्याम्पसको हाताभित्र विद्यमान सहिदको सालिकसम्म जानकालागि वाटो निर्माण गर्ने र शहिद पार्कलाई अझ वढी व्यवस्थित गर्ने ।

७. क्याम्पसमा रहेको पुरानो जेनेरेटर काम नगर्ने अवस्थामा पुगेकोले नियमित इन्धन आपूर्तिको व्यवस्था गर्न जेनेरेटर खरिद गर्ने।

**च. प्राविधिक सुधार र डिजिटलाईजेसन**

१. शिक्षण विधिलाई आधुनिकीरण र अझ बढी प्रभावकारी बनाउन प्रत्येक कक्षा कोठामा सी सी क्यामेरा तथा केही कक्षा कोठाहरुमा प्रोजेक्टर जडान गर्ने।

२. विश्वविद्यालय अनुदान आयोगको सामुदायिक क्याम्पस डिजिटलाईजेसन कार्यक्रममा सहभागी भई डिजिटल स्टुडियो तयार गर्ने र अनलाईन पुरक कक्षाहरुको सुरुवात गर्ने

३. क्याम्पसमा सञ्चालित EMIS लाई रुपान्तरण गरी Web Based वनाउने ।

४. प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरुलाई Digitalization साक्षरता र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

५ विद्यार्थीले क्याम्पसवाट पाउनुपर्ने सेवा सुविधा र क्याम्पसलाई भुक्तानी गर्नुपर्ने दायित्व सकेसम्म Online मार्फत गर्न सक्ने व्यवस्था मिलाउने ।

**छ. अनुसन्धान र परामर्श**

१. यस क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्न Research Management Cell -RMC गठन भैसकेको छ र यस Cell लाई साधन स्रोत उपलब्ध गराई उद्देश्य परिपूर्तिकालागि क्रियासिल बनाउने ।

२. क्याम्पसको Research and Consultancy Guidelines तयार गरी सोहि अनुररुप RMC को छुटै कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने ।

३. RMC मार्फत परामर्श सेवाका अवसरहरु पहिचान गरी हाल सम्म प्राध्यापकहरुवाट व्यक्तिगत तहमा उपलब्ध गराउदै गरेको परामर्श सेवालाई सस्थागत गरी कम्तीमा एउटा संस्थालाइ सस्थागत परामर्श सेवा प्रदान गर्ने ।

४. क्याम्पसले प्रकाशन गर्दै आएको Research Journal कालागि ISSN Number र NEPJOL दर्ता गरी उक्त Journal को पछिल्लो अंक प्रकाशन गर्ने ।

५. क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुवाट कम्तिमा २ वटा Mini Research कार्य सम्पन्न गरी Research Guidline मा उल्लेख भए अनुसारको प्रोत्साहन सहयोग भुक्तान गरी सक्ने ।

**ज. समुदायसगको सम्वन्ध र सामाजिक उत्तरदायित्व**

१. अभिभावक, सञ्चालक समिति तथा प्राध्यापकहरुको संयुक्त वैठक आयोजना गरी क्याम्पसले समुदायसंग जोडिएर गर्न सक्ने र गर्नुपर्ने कार्यहरुको पहिचान गरी कार्यान्वयन गर्दै लैजाने ।

२. क्याम्पसले आगामी वर्ष कम्तिमा तीनवटा Extension Program हरु सञ्चालन गरी समुदायसगको सम्वन्ध अझ वलियो बनाउने ।

३.वातावरण संरक्षण र विकासका निम्ति जनचेतना वढाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने र स्थानिय वन समिति संग समन्वय गरी वृक्षारोपण कार्यक्रम गर्ने

**झ. अतिरिक्त क्रियाकलाप तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकास**

१. क्याम्पसले हालसम्म पाठ्यक्रममा उल्लिखित क्रियाकलापमा मात्र जोड दिई रहेको वास्तविकतालाई स्वीकार्दै आगामी दिनमा विद्यार्थीहरुको सर्वाङ्गीण विकासका निम्ति इन डोर तथा आउट डोर खेल मैदानको निर्माण गरिने छ।

२. विद्यार्थीहरुको सिप तथा क्षमता अविवृद्धि का लागि Non-credit Course हरु तयार गरी आगामी वर्ष पनि गत वर्षजस्तै एउटा Non- Credit Course सञ्चालन गर्ने ।

३ं क्याम्पस भित्र विभिन्न समयमा अतिरिक्त क्रियाकलापहरु आयोजन गर्ने र वाह्य समाजसँग समन्वय गरी विद्यार्थीहरुलाई तालिम, Internship, प्रतियोगिता आदीका अवसरहरु प्रदान गर्ने ।

**४. निष्कर्ष**

अनेकौ चुनौती र समस्याहरु सामना गर्दै वर्तमान अवस्थासम्म आइपुगेको यस क्याम्पस समस्यामुक्त भने . छैन । यति हुँदाहुँदै पनि यसको सुनौलो भविष्यका सम्भावनाहरु प्रशस्तै छन् । मूलतः विद्यार्थी भर्ना कार्यक्रममा व्यापक प्रसार प्रचार, शैक्षिक नतिजामा अभिवृद्धि, समयको माग अनुसारको शिक्षा प्रदान गरी अभिभावक तथा विद्यार्थीहरुको मागलाई पुरा गर्न सकेमा संस्थाको भविष्य उज्ज्वल छ । संस्थाको सम्पूर्ण साधन स्रोत, संरचना र शक्ति यसै दिशामा क्रियाशील हुनु पर्ने यथार्थता यहाँहरुविच राख्न चाहान्छु ।

अन्तमा यस गमिामय सञ्चालक समिति वैठक, हुन गईरहेको क्याम्पस सभामा उपस्थित भई यसलाई सफल बनाउन सहयोग गर्नुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगणहरु, सभासदहरु लगायत संचालक समितिका अध्यक्ष तथा सदस्यज्युहरु प्राध्यापक एवं कर्मचारीहरु तथा विद्यार्थीहरु एवम अविभावकहरुमा हार्दिक आभार व्यक्त गर्दै पेश गरिएका योजनाहरु अक्षरस कार्यान्वयनमा लैजादा यो क्याम्पसको दिगो सञ्चालनमा अवस्य सकारात्मक प्रभाव पर्नेछ भन्ने आशा गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८१/०८२ को कक्षागत कार्यभार विवरण

| Class Wise Work load Analysis(Morning Shift) | | | |
|---|---|---|---|
| S. N. | Class | Daily Period Load | Remarks |
| 4 | BBS 1st | 7 | |
| 5 | BBS 2nd | 7 | |
| 6 | BBS 3rd | 8 | |
| 7 | BBs 4th | 5 | |
| 8 | MBS 1st | 5 | |
| 9 | MBS 2nd | 5 | |
| 10 | MBS 3rd | 5 | |
| 11 | MBS 4rd | 3 | |
| 12 | B. Ed. 1st | 8 | |
| 13 | B. Ed. 2nd | 7 | |
| 14 | B. Ed. 3rd | 8 | |
| 15 | B. Ed. 4th | 6 | |
| | Total | 74 | |

| Class Wise Work load Analysis (Day Shift) | | | |
|---|---|---|---|
| 2 | Class 12 Mgmt | 6 | |
| 3 | Class 12 Edu | 7 | |
| 1 | Class 11 (Technical | 8 | |
| 2 | Class 12 (Technical) | 8 | |
| | Total | 16 | |
| Grand Total Work Load | | 90 | |

| | |
|---|---|
| Total work load carried by full time Faculties: | 68 |
| Total work load carried by Part time Cantract: | 11 |
| Total work load carried by extra class | 11 |
| **Total Work Load** | **90** |

Janа Adarsha Multiple Campus, Rapti Municipality, Chitwan, Nepal, 2053 (1996)

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८१/०८२ को तलब विवरण

| Teacher's & Staff's Salary | | | | | | | Work Load Covered |
|---|---|---|---|---|---|---|---|
| S. N. | Name of the Teacher | B. Salary | Total Grade | D. Allow | P. F. Addition | Total Salary | |
| 1 | Khimananda Aryal | 48737 | 13000 | 61737 | 6173.7 | 67910.7 | 1 |
| 2 | Chandra K. C. | 48737 | 0 | 48737 | 0 | 48737 | 2 |
| 3 | Dhurba Prasad Adhikari | 48737 | 13000 | 61737 | 6173.7 | 67910.7 | 3 |
| 4 | Bishnu Prasad Sapkota | 48737 | 13000 | 61737 | 6173.7 | 67910.7 | 4 |
| 5 | Ram Nath Pathak | 48737 | 0 | 48737 | 0 | 48737 | 4 |
| 6 | Bhawani Prasad Timilsina | 48737 | 0 | 48737 | 0 | 48737 | 4 |
| 7 | Prem Kumar Kandel | 48737 | 0 | 48737 | 0 | 48737 | 4 |
| 8 | Gokul Silwal | 43689 | 0 | 43689 | 0 | 43689 | 4 |
| 9 | Nabin Khanal | 43689 | 2913 | 46602 | 4660.2 | 51262.2 | 4 |
| 10 | Tulasi Sapkota | 43689 | 2913 | 46602 | 4660.2 | 51262.2 | 4 |
| 11 | Ujjal Prajapati | 43689 | 0 | 43689 | 0 | 43689 | 4 |
| 15 | Krishna Prasad Tiwari | 43689 | 0 | 43689 | 0 | 43689 | 4 |
| 16 | Rajendra Silwal | 43689 | 0 | 43689 | 0 | 43689 | 4 |
| 12 | Shankar Ghimire | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 13 | Krishna Kandel | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 21 | Laxmi Uprety | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 22 | Sarada Uprety | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 17 | Sunita Dharel | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 18 | Sadhu Ram Danai | 32367 | 0 | 32367 | 0 | 32367 | 3 |
| 19 | Apsara Panta | 21845 | 0 | 21845 | 0 | 21845 | 2 |
| 20 | Sundar Mainali | 21845 | 0 | 21845 | 0 | 21845 | 2 |
| 14 | Bhoj Raj Tiwari | 21845 | 0 | 21845 | 0 | 21845 | 2 |
| 23 | Dinesha Chaudhary | 21845 | 0 | 21845 | 0 | 21845 | 2 |
| 25 | Sugam Chhatkuli | 34730 | 0 | 34730 | 0 | 34730 | 4 |
| 24 | Sailendra Sapkota | 26048 | 0 | 26048 | 0 | 26048 | 3 |
| | **Total** | **945653** | **44826** | **990479** | **27841.5** | **1018321** | **79** |
| 26 | Resham Kumar KC | 34730 | 9264 | 43994 | 4399.4 | 48393.4 | |
| 27 | Nama Raj Sedhai | 34730 | 0 | 34730 | 0 | 34730 | |
| 28 | Tika Ram Ghale | 34730 | 0 | 34730 | 0 | 34730 | |
| 29 | Tok Nath Adhikari | 24702 | 1647 | 26349 | 2634.9 | 28983.9 | |
| 30 | Dhal Bahadur Lama | 24702 | 0 | 24702 | 0 | 24702 | |
| 31 | Ujjal Prasad Mahato | 24702 | 0 | 24702 | 0 | 24702 | |
| 32 | Phuluwa Devi Rawat | 7500 | 0 | 7500 | 0 | 7500 | |
| | **Total** | **185796** | **10911** | **196707** | **7034.3** | **203741.3** | |
| | **Grant Total** | **1131449** | **55737** | **1187186** | **34875.8** | **1222062** | |

Jana Adarsha Multiple Campus
Rapti Municipality, Chitwan, Nepal

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८१/०८२ को अनुमानित विद्यार्थी आम्दानी विवरण

| Class | No. Of Stu. | Adm. Fee | Monthly Fee | Exm Fee | Reg. Fee | Int.Exam | Tu Char. | Total |
|---|---|---|---|---|---|---|---|---|
| Class 11 (Technical) | 25 | 357500 | 660000 | 17500 | 15000 | 37500 | 0 | 1087500 |
| Class 12 (Education) | 25 | 157500 | 418500 | 17500 | 15000 | 37500 | 0 | 646000 |
| Class 12 (Technical) | 27 | 378000 | 712800 | 18900 | 0 | 40500 | 0 | 1150200 |
| Class 12 (Management) | 65 | 390000 | 1088100 | 45500 | 0 | 97500 | 0 | 1621100 |
| BBS 1st | 50 | 375000 | 1044000 | 45000 | 40000 | 75000 | 25000 | 1604000 |
| BBS 2nd | 30 | 210000 | 626400 | 27000 | 0 | 45000 | 15000 | 923400 |
| BBS 3rd | 40 | 280000 | 835200 | 36000 | 0 | 60000 | 20000 | 1231200 |
| BBs 4th | 18 | 126000 | 375840 | 16200 | 0 | 27000 | 9000 | 554040 |
| MBS 1st | 10 | 130000 | 240000 | 20000 | 0 | 15000 | 7000 | 412000 |
| MBS 2nd | 10 | 130000 | 240000 | 20000 | 0 | 15000 | 7000 | 412000 |
| MBS 3rd | 7 | 91000 | 168000 | 14000 | 0 | 10500 | 4900 | 288400 |
| MBS 4rd | 7 | 91000 | 168000 | 14000 | 0 | 10500 | 4900 | 288400 |
| B. Ed. 1st | 35 | 262500 | 730800 | 31500 | 28000 | 52500 | 17500 | 1122800 |
| B. Ed. 2nd | 15 | 105000 | 313200 | 13500 | 0 | 22500 | 7500 | 461700 |
| B. Ed. 3rd | 20 | 140000 | 417600 | 18000 | 0 | 30000 | 10000 | 615600 |
| B. Ed. 4th | 30 | 210000 | 626400 | 27000 | 0 | 45000 | 15000 | 923400 |
| **Total** | **414** | **3433500** | **8664840** | **381600** | **98000** | **621000** | **142800** | **13341740** |

Jana Adarsha Multiple Campus, Rapti Municipality, Chitwan, Nepal

# जन आदर्श बहुमुखि क्याम्पस

## राप्ती नगरपालिका चितवन

## आ. व. २०८१/०८२ को अनुमानित आय व्यय विवरण

| संञ्चालन आम्दानी तथा खर्च विवरण | | | |
|---|---|---|---|
| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
| भर्ना शुल्क | ३४३३५०० | प्राध्यापक तलब खर्च | १२२१९८४६ |
| मासिक शुल्क | ८६६४८४० | कर्मचारी तलब खर्च | २४४४८९५.६ |
| अन्तिम परीक्षा शुल्क | ३८१६०० | अतिरिक्त पारिश्रमिक | ४८०५७९ |
| दर्ता शुल्क | ९८००० | दशै पेश्कि | ११८७१६६ |
| आन्तरिक परीक्षा शुल्क | ६२१००० | भत्ता खर्च | २८८००० |
| त्रि.वि.सेवा शुल्क | १४२८०० | छात्रवृत्ति खर्च | ८६६४८४ |
| चारित्रिक प्रमाणपत्र शुल्क | २८५००० | शैक्षिक भ्रमण खर्च | ३५००० |
| टाई | २०००० | परीक्षा दस्तुर खर्च | २५०४८० |
| सटर भाडा | ८४०००० | अभ्यास शिक्षण खर्च | २०००० |
| अभ्यास शिक्षण शुल्क | ९०००० | दर्ता शुल्क | ८७५०० |
| होटल तथा कम्प्युटर ल्याब आम्दानी | २४९६०० | आन्तरिक परीक्षा खर्च | ३००००० |
| प्रयोगात्मा परीक्षा शुल्क | ६०००० | प्रयोगात्मक परीक्षा | ५०००० |
| सिफारिस शुल्क | १६५००० | मसलन्द खर्च | ५०००० |
| अनुसन्धान शुल्क | २०६५०० | छपाई खर्च | ८०००० |
| बैंक ब्याज आम्दानी | ३०००० | संञ्चार खर्च | ४०००० |
| पुस्तकालय धरौटी | ८०००० | अतिथि सत्कार खर्च | १००००० |
| विश्व विद्यालय संञ्चालन अनुदान | २५००००० | पत्रपत्रिका खर्च | १०००० |
| विश्व विद्यालय नियमित अनुदान | १५००००० | भर्ना अभियान खर्च | ३०००० |
| राप्ती नगरपालिका सञ्चालन अनुदान | १०००००० | खानेपानी महसुल खर्च | २०००० |
| विविध आम्दानी | ५०००० | पुस्तकालय धरौटी फिर्ता | ६२५०० |
| | | ब्याज खर्च | २०००० |
| | | मर्मत सम्भार खर्च | २००००० |
| | | इन्धन खर्च | १०००० |
| | | सामाजिक संस्कार खर्च | १०००० |
| | | सामाजिक विकास खर्च (चन्दा) | २०००० |
| | | सम्बन्धन खर्च | ५०००० |
| | | लेखापरिक्षण खर्च | ३०००० |
| | | विद्युत महसुल तथा विस्तार खर्च | ९०००० |
| | | शैक्षिक तथ्यांडक व्यवस्थापन खर्च | २५०००० |
| | | होटल तथा कम्प्युटर ल्याब खर्च | १५०००० |
| | | शैक्षिक सामाग्रि खर्च | ५०००० |
| | | अनुसन्धान खर्च | ३००००० |
| | | नखप्ने समान खर्च | १०००० |
| | | सरसफाई खर्च | ५०००० |
| | | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ४०००० |
| | | सभा समारोह खर्च | २००००० |

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८१/०८२ को अनुमानित आय व्यय विवरण

| संञ्चालन आम्दानी तथा खर्च विवरण | | | |
|---|---|---|---|
| | | सञ्चलन वचत | ३१५३८९ |
| जम्मा | २०४१७८४० | जम्मा | २०४१७८४० |

जन आदर्श बहुमुखि क्याम्पस

राप्ती नगरपालिका चितवन

आ. व. २०८१/०८२ को अनुमानित पुजिगत आय व्यय विवरण

| पुजिगत आम्दानी तथा खर्च विवरण | | | |
|---|---|---|---|
| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
| वाग्मती प्रदेश सरकार अनुदान | २०००००० | निमार्णध्निन सटर फिनिसिङ | १०००००० |
| विश्व विद्यालय अनुदान आयोग | २०००००० | डिपाटमेन्टका अफिस निर्माण | १०००००० |
| राप्ती नगरपालिका अनुदान | १२००००० | सालिक सम्म जाने बाटो र सालिक निर्माण | ५००००० |
| | | कम्प्युटर तथा अन्य उपकरण खरीद | १२००००० |
| | | पुस्तकालय निर्माण तथा पुस्तक खरीद | १०००००० |
| | | जेनेरेटर खरिद | ५००००० |
| **जम्मा** | ५२००००० | **जम्मा** | ५२००००० |